जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०७४ | २०८२ साल कार्तिक १३ गते बिहीवार | Thursday-30-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## फेटामा मोतियाबिन्दुका कारण कसैले पनि आँखा गुमाउनु नपरोस - युवा नेता उमेश दुबे

***शु.आ. सम्बाददाता***
***बारा, १२ कार्तिक***




बारा जिल्लाकै चर्चित नेताको रूपमा मानिन थालिएका युवा नेता उमेश दुबेले मोतियाबिन्दुका कारण कसैले आफ्नो आँखा गुमाउनु नपरोस भन्दै नि:शुल्क आँखा शिविरको आयोजना गरिएको बताएका छन् । बुधवार फेटा गाउँपालिका वडा नम्बर ४ फुलवरीया र बतरामा आयोजित नि:शुल्क आँखा शिविरमा बोल्दै युवा नेता अर्थात फेटा गाउँपालिका अध्यक्ष पदको भावी उम्मेदवार उमेश दुबेले यस्तो बताएका छन् । साथै उहाँले बुधबारदेखि एक हप्ताको लागि नि:शुल्क आँखा शिविरको आयोजना गरिएको समेत बताएका छन् ।

बिरगंज सामुदायिक आँखा केन्द्र बिरगंज पर्साको सहकार्यमा सम्पन्न पहिलो दिनको नि:शुल्क आँखा शिविर कार्यक्रममा फुलवरीया टोलमा २७० जनालाई र बतरा टोलमा १०६ जनालाइ चेकजाच गरिएको डा. महेश धामीले जानकारी दिएका छन् । उहाँले चेकजाँच गरेको मध्ये ५५ जनामा मोतियाबिन्दुको संक्रमण फेला परेको बताएका छन् ।

यता जनमत पार्टीका केन्द्रिय सदस्य तथा फेटा गाउँपालिकाको अध्यक्ष पदको उम्मेदवार समेत रहेका दुबेले समाजसेवामा होमिएका स्थानीय राजु यादवको विशेष पहल र सहकार्यमा सम्पन्न भएको निशुल्क आँखा शिविर बिहिवार पनि जारी राख्ने जानकारी दिएका छन् । उहाँले बिहिवार फेटा गाउँपालिका वडा नम्बर १ भलुहीमा नि:शुल्क आँखा शिविर जारी रहने र गाउँपालिकाको प्रत्येक वडा, प्रत्येक टोलमा नि:शुल्क आँखा शिविर सँचालन गर्ने बताएका छन् ।

यसरी युवा नेता दुबे फेटा गाउँपालिकाको जनताको हरेक सु:ख दु:खमा साथ उभिएको देखेर निर्वाचित जनप्रतिनिधि देखि फेटा गाउँपालिकाको अन्य नेताहरु समेत दुबेको बिषयमा चर्चा गर्न थालेका छन् । भने आउँदो स्थानीय तहको निर्वाचनमा दुबेको जित सुनिश्चित हुने पक्का रहेको स्थानियहरु बताएका छन् ।

## कटहरीया नगरपालिकामा करार र ज्यालादारी कर्मचारीको पुनः आन्दोलनः सेवा ठप्प, माग पूरा नभएसम्म बन्द रहने चेतावनी

***शु. आ. सम्बाददाता***
***रौतहट, १२ कार्तिक***



रौतहटको कटहरीया नगरपालिकामा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरूले आफ्ना तलब भत्ताको बक्यौता भुक्तानी नभएको भन्दै फेरि आन्दोलन सुरु गरेका छन् । कर्मचारीहरूले बुधबार नगरपालिकाका सम्पूर्ण वडा कार्यालय र मूल कार्यालयमा तालाबन्दी गरेर सेवा पूर्णरूपमा ठप्प पारेका छन् ।

तलब बक्यौताको समस्या समाधान नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिएको कर्मचारीहरूले बताएका छन् । वडा नम्बर १ देखि ९ सम्मका सबै वडा कार्यालय र नगरपालिकाको मूल प्रशासनिक भवनमा तालाबन्दी गरिएको छ, जसले गर्दा नगरपालिकाबाट हुने सबै सेवाहरू अवरुद्ध भएका छन् । यसबाट दैनिक काम लिएर आउने सेवाग्राहीहरू मर्कामा परेका छन् ।

आन्दोलित कर्मचारीहरूका अनुसार यसअघि पनि तलब भुक्तानीको विषयमा विवाद हुँदा नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले असोज महिनामा लिखित आश्वासन दिएका थिए । उक्त आश्वासनमा दिपावली र छठ पर्वअगावै सम्पूर्ण बक्यौता रकम भुक्तानी गरिने प्रतिबद्धता व्यक्त गरिएको थियो । तर, चाडपर्व सकिसक्दा पनि उक्त रकम भुक्तानी नभएपछि कर्मचारीहरू निराश हुँदै आन्दोलनको बाटो रोज्न बाध्य भएका हुन् । कर्मचारीहरूले नगरपालिका नेतृत्वलाई लिखित प्रतिबद्धता कार्यान्वयन नगरेको र विश्वासघात गरेको आरोप लगाएका छन् । तलब भुक्तानीको माग गर्दै आन्दोलनरत कर्मचारीहरूको २०८२ कार्तिक १२ गते बसेको बैठकले शान्तिपूर्ण रूपमा नगरपालिकामा तालाबन्दी गर्ने र "धर्ना कार्यक्रम" सुरु गर्ने निर्णय गरेको थियो । आन्दोलनलाई थप व्यवस्थित बनाउन उनीहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र सबै वडा कार्यालयहरूमा औपचारिक रूपमा ज्ञापनपत्र पनि पठाएका छन् ।

लामो समयदेखि नगरपालिकाको सेवामा समर्पित हुँदा पनि समयमा तलबभत्ता नपाउँदा दैनिक जीवनयापनमा गम्भीर समस्या आएको कर्मचारीहरूले बताएका छन् ।

कर्मचारीहरूको भनाइमा, "हामीले लामो समयदेखि नगर सेवामा समर्पित छौं, तर तलबभत्ता नपाउँदा दैनिक जीवन प्रभावित भएको छ । हामीले घरभाडा तिर्न सकेका छैनौँ, बालबच्चाको विद्यालय शुल्क तिर्न पाएका छैनौँ । जबसम्म हाम्रो बक्यौता सम्पूर्ण रकम भुक्तानी हुँदैन, तबसम्म हामी यो आन्दोलन र तालाबन्दी जारी राख्नेछौं।"

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कलैया,बारा,मधेश,प्रदेश

पत्र सं:-२०८२/०८३
च.नं.:-
मिति:-२०८२/०७/१२

प्रथम पटक प्रकाशित मिति २०८२/०७/१३

सूचना। सूचना !! सूचना !!!

कलैया उपमहानगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा तपसिल अनुसारको विषयमा माध्यमिक तह (९-१०)को लागि शिक्षण सहयोग अनुदान कोटामा शिक्षक पदपूर्ती गर्न शिक्षक छनोट समितिको मिति २०८२/०७/१२ गतेको निर्णयानुसार रित पुगेका उम्मेदवारहरुले तपसिलका पद र विषयमा आवेदन दर्ता गराउन यो सुचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं | तह | श्रेणी | विषय | माग संख्या | अनुदानको प्रकार | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/२०८२/०८३ | माध्यमिक | तृतीय | अंग्रेजी | १ | शिक्षण सहयोग अनुदान संघ | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको |
| २ | ०५/२०८२/०८३ | माध्यमिक | तृतीय | गणित | १ | शिक्षण सहयोग अनुदान संघ | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको |

- परीक्षा दस्तुर :- रु १०००/- मात्र।
- आवेदकको उमेर हद:-दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,
- सेवा अवधी:- हाललाई आ.व. २०८२/०८३ को लागि मात्र, पछि म्याद थप गर्न सकिने।
- पाठ्यक्रम:- शिक्षक सेवा आयोगले तोकेबमोजिम,
- परीक्षाको किसिमः लिखित र अन्तरवार्ता,

संलग्न गर्नुपर्ने कागजातहरु:
१.नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२.शैक्षिक योग्यता (SLC/SEE देखि न्युनतम योग्यता सम्म) को प्रमाणपत्रहरुको प्रतिलिपि, र २ वटा फोटो
३.स्थायी शिक्षक अध्यापन अनुमति पत्रको प्रतिलिपि

- राजस्व बुझाउने कार्यालयः राजस्व शाखा, नगरकार्यपालिकाको कार्यालय, कलैया उपमहानगरपालिका,
- दरखास्त पाउने र बुझाउने कार्यालयः शिक्षा युवा तथा खेलकुद शाखा, कलैया उपमहानगरपालिका।
- दरखास्त दिने मिति:२०८२/०७/१३ गते देखि २०८२/०७/१९ गते सम्म, कार्यालय समय भित्र,
- तलब स्केलः नेपाल सरकारको नियमानुसार
- सम्पर्क मिति र स्थानः २०८२/०७/२० गते शिक्षा युवा तथा खेलकुद शाखा, कलैया उपमहानगरपालिका।

राजीव कुमार यादव
शिक्षक छनौट समिति(संयोजक)

## नख्खु कारागारबाट फरार लागुऔषध अपराधी वीरगंजबाट पक्राउ

***बिरगंज, १२ कार्तिक***




गत भाद्र २४ गते जेनजी आन्दोलनको मौका छोपी ललितपुर स्थित नख्खु कारागारबाट फरार भएका लागुऔषध कसूरका कैदी लालबाबु साहलाई जिल्ला प्रहरी कार्यालय पर्साले पक्राउ गरेको छ । पर्सा प्रहरीले विशेष सूचनाको आधारमा ३९ वर्षीय साहलाई वीरगंज महानगरपालिका-१० रानीघाट स्थित उनको आफ्नै घरबाट पक्राउ गरेको छ । ललितपुर जिल्ला अदालतले साहलाई लागुऔषध सम्बन्धी कसूरमा २ वर्ष १ महिना कैद र १ लाख ५ हजार रुपैयाँ जरिवाना तोकेको थियो । तर, जेनजी आन्दोलनको क्रममा कारागारमा सुरक्षा कमजोर भएको मौका छोपी उनी फरार भएका थिए । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार, साह फरार भएपछि आफ्नो गाउँघरमै लुकीछिपी बस्दै आएका थिए । प्रहरीको विशेष निगरानीपछि वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको टोलीले मँगलबार साँझ करिब ५:३० बजे उनलाई नियन्त्रणमा लिएको छ । प्रहरी नायब उपरीक्षक तथा पर्सा प्रहरीका प्रवक्ता हरि बहादुर बस्नेतले पक्राउ परेका साहलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पुनः नख्खु कारागारमा पठाउने तयारी भइरहेको जानकारी दिएका छन् ।

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा**

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय...........

# छठले जोड्दै छ देश

केही दशकअघिसम्म मिथिला र भोजपुरा क्षेत्रमा मात्र सीमित छठ पर्व अहिले राष्ट्रिय पर्व बनेको छ । छठ पर्वको उल्लास मधेसबाट पहाड र हिमालसम्मै विस्तार भइसकेको छ । तराई-मधेसका नदीकिनारमा देखिने रौनक काठमाडौं उपत्यकामा भित्रिएकै वर्षौ भइसकेको छ । कुनैबेला रानीपोखरीमा सीमित छठ अहिले बागमती लगायत नदी किनारसम्म फैलिएको छ । मध्य तराईबाट फैलिँदै केही वर्षयता छठ पश्चिम तराईसम्मै पुगेको छ, पहाड उक्लिएको छ । छठ संस्कृतिमा हुर्किएको समुदाय अब छठ मनाउन मधेस जानुपर्दैन । जो जहाँ बसेको छ, त्यहीं मनाउने उल्लासमय वातावरण बन्दै छ । काठमाडौं र पहाडी भेगमा पनि मधेसमा जस्तै धुमधामसाथ छठ पर्व मनाउन थालिएको छ । छठको सांस्कृतिक विस्तारले सिंगो देशलाई जोड्दै गएको छ ।

छठलाई पवित्र पर्व मानिन्छ । यस पर्वमा सूर्य र उनको देवी रुप उषाको छठी मैयाँका रुपमा पूजा गरिन्छ । मुख्य पूजा षष्ठी तिथिमा गरिने हुनाले यस पर्वलाई छठ, छैठ, छइठ र छठी भनिँदै आएको छ । यस पर्वमा चार दिनसम्म कठिन उपवास बस्ने गरिन्छ । छठमा शुद्धतालाई विशेष महत्व दिइन्छ । पूजा गर्ने घरका ज्येष्ठ र स्वस्थ महिला मात्र होइन, पूजाआजा तथा प्रसाद तयार पार्ने व्यक्तिसमेत एक महिनाअघिदेखि माछामासु, लसुन र प्याजजस्ता तामसी भोजन त्यागेर पूजाको तयारी गर्छन् । छठ पर्व मान्ने नेपाल र भारतका विभिन्न भूगोलपिच्छे भिन्दाभिन्दै लोककथा छन् । पर्वको खास महत्व भनेको महारोगबाट मुक्ति, पीडाबाट निजात, सन्तान सुख, परिवार, समाज र मानव जातिको हितलाई मानिन्छ । साथै, सम्पूर्ण पृथ्वीलाई अन्धकारबाट छुटकारा दिने भएकाले सूर्यको उपासना गर्ने गरिएको हो । छठ मान्दा मनोकामना पूरा हुने विश्वास छ । पर्व, संस्कृति र परम्पराले समाजलाई जोड्छ, शान्ति र सद्भावको सन्देश दिन्छ । पछिल्ला वर्षहरुमा छठ पनि त्यस्तै पर्व भएको छ, जसले जुनसुकै भूगोल, जाति वा समुदायलाई जोड्दै गएको छ । यसले राष्ट्रिय एकता प्रवर्धन गर्न र भावनात्मक सम्बन्ध विस्तारमा समेत टेवा पुर्‍याइरहेको छ । त्यस अर्थमा छठ मधेसी र पहाडी मनोविज्ञानलाई जोड्ने सेतु बन्दै गएको छ ।

# जेन-जी विद्रोहले चाहेको निकास

*यज्ञप्रसाद शर्मा*

नेपालको राजनीति एक विशिष्ट मोडमा छ । जेन-जी पुस्ताले भदौको अन्तिम साता गरेको भ्रष्टाचार र नातावादविरुद्धको आन्दोलनले नयाँ किसिमको राजनीतिक चेतना र तरंग ल्याएको छ । यसै आन्दोलनको परिणामस्वरूप नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनको सरकार विस्थापित भई नागरिक नेतृत्वको अन्तरिम सरकार बनेको छ । प्रतिनिधिसभा भंग गरी आगामी फागुन २१ गते निर्वाचनको मिति तोकिएको छ ।

जेन-जीको खास मिसन भ्रष्टाचार र नातावादविरुद्धको विद्रोह थियो । विरोधको कार्यक्रम मात्र बुझेका जेन-जीका अगुवाहरू सरकार निर्माण गर्ने बेलामा भने अन्योलमा परेको देखियो । आन्दोलनले सरकार ढाल्ने काम त गऱ्यो, त्यसपछि अन्योल । जेन-जीले उत्तेजनामा आएर भनेको प्रत्यक्ष निर्वाचित कार्यकारीको लक्ष्यमा पुग्ने छाँट देखिँदैन । त्यसैले आन्दोलनको मागको त के देशमा व्याप्त असन्तुष्टिको सम्बोधन समेत हुने छाँटकाँट छैन । विद्यमान असन्तुष्टि सम्बोधन गर्न नसक्ने निर्वाचनको के अर्थ ? अर्थपूर्ण निकासका लागि कसरी अघि बढ्ने ? प्रश्न पेचिलो छ ।

प्रत्यक्ष निर्वाचित कार्यकारीको माग महत्वपूर्ण भए पनि तत्काल समाधान हुन सक्ने आधार छैन ।

जेन-जी आन्दोलनपूर्व नै संविधान संशोधनको माग तीव्र थियो । अझ भनौं, कांग्रेस-एमालेको गठबन्धनको सरकार सोही मुद्दा सम्बोधनको उद्देश्यले बनेको थियो । संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतान्त्रिक राष्ट्रका रूपमा परिभाषित गरेको छ । कार्यकारी नेतृत्व संसद्मा बहुमत प्राप्त दल वा गठबन्धनको सरकारको हातमा रहन्छ । तर यसरी गठित सरकारहरू सधैं अस्थिर रहँदै आएकाले जनता निराश भएका हुन् । जेन-जी आन्दोलनले यो अस्थिरताको अन्त्यका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको विषय उठाएका हुन् । उनीहरूको खास खोज स्थिर सरकार हो । तर वर्तमान संविधानको व्यवस्था यथावत् राखेर जति पटक चुनाव गरे पनि त्यो माग पूरा हुने सम्भावना छैन । चुनावबाट मान्छे फेरिएलान्, अवस्था जस्ताको तस्तै रहनेछ ।

संवैधानिक जटिलताको अन्त्यका लागि चुनावका लागि हतार गर्नुभन्दा समस्या सम्बोधन गर्ने अवसरका रूपमा लिनु उपयुक्त हुन्छ । यस अवधिमा प्रमुख भूमिका अन्तरिम सरकारको हुन्छ । जुन कारणले असन्तुष्टि बढेर जेन-जी आन्दोलन भयो, त्यसको निराकरणका लागि नसोच्ने हो भने जिम्मेवार निकाय मुलुकप्रति जिम्मेवार नभएको ठहर्नेछ । आन्दोलनपछि बनेको सरकारले आन्दोलनको भावना बुझेर सही निकास दिने जिम्मेवारी पूरा गर्नुपर्छ । जेन-जीले व्यक्त गरेको असन्तुष्टिलाई थाँती राखेर जबर्जस्ती चुनावमा होमिनुभन्दा राजनीतिक दलहरूसँगको सहमतिमा अन्तरिम सरकारले संविधान संशोधनको उपाय सुझाउनु पर्छ । राष्ट्रिय सभा जीवित छ, स्थिर सरकारका लागि आवश्यक विषयहरूमा संविधान संशोधन गरेर जानु उचित हुन्छ । निर्वाचनपछिको सरकारले दुई तिहाइ बहुमतबाट पारित गर्ने सर्त सहित संविधान संशोधन गर्नुपर्छ । आखिर संसदीय प्रणालीमा ह्विपको व्यवस्था रहने गर्दछ । यस्तो अवस्थामा सांसदको संख्या धेरै वा थोरै हुनुले खासै अर्थ राख्दैन, त्यसैले संघीय संसद र प्रदेश सभामा जनप्रतिनिधिको संख्या सानो बनाएर जानु उचित हुन्छ । फागुन २१, २०८२ मा निर्वाचनको मिति घोषणा हुनु नेपालको संवैधानिक र राजनीतिक गतिरोधको प्रमुख निकास हो। अहिलेको प्राथमिकता भनेकै सफल निर्वाचन र नयाँ प्रतिनिधिसभाको गठन हो।

बहुमत पाएर सरकार बनेपछि पाँच वर्षसम्म सञ्चालन हुने सुनिश्चित गर्नुपर्छ । बीचमा दलबदल गर्ने र स्वार्थका लागि विश्वास फिर्ता लिन नपाउने व्यवस्था कडाइका साथ गर्नुपर्छ । साथै प्रदेशसभा छरितो बनाउने र राष्ट्रिय सभालाई जातीय सभा बनाउने उपायमा जानुपर्छ । संविधान संशोधनपछि यही अन्तरिम सरकारले निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ । दोस्रो, महत्त्वपूर्ण र केन्द्रीय भूमिका निर्वाचन आयोगको हुनेछ । मतदाता नामावली अध्यावधिक गर्ने, आचारसंहिता लागू गर्ने, मतदान केन्द्र तोक्ने, सुरक्षा समन्वय गर्ने एवं निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने लगायतका जिम्मेवारी पूरा गर्नुपर्छ । अझ 'नो भोट' र प्रवासी नेपालीको मताधिकारको माग भइरहेछ । त्यो कुरा पूर्ण समानुपातिक निर्वाचन पद्धतिमा मात्र सम्भव हुने भएकाले संविधान संशोधनको समयमा बहस गर्न सकिन्छ ।

तेस्रो, महत्त्वपूर्ण भूमिका राष्ट्रियसभाको हुनेछ । प्रतिनिधिसभा नभएको अवस्थामा राष्ट्रियसभाले स्थायी संसद्को भूमिका निर्वाह गर्न सक्छ । यसले संविधान संशोधनका लागि समन्वय र पारित गर्ने भूमिका निर्वाह गर्न सक्छ । निर्वाचनका लागि आवश्यक कानुनी वा प्रक्रियागत सहजीकरण गर्न सक्छ । चौथो, राजनीतिक दलहरू बहुदलीय व्यवस्थाका खम्बा हुन् । सरकारले बोलाएको गोलमेच सम्मेलनमा सहभागी भई उनीहरूले संविधान संशोधन गर्न सहमति जुटाउन सक्रिय पहल गर्नुपर्छ । ताकि संविधान संशोधनको काम छिटो सम्पन्न होस् । पाँचौं, जेन-जी र नागरिक समाजको भूमिका संविधान संशोधन गरी अस्थिर सरकारको विषयलाई प्रमुख मुद्दा बनाउनु पर्छ । प्रत्यक्ष निर्वाचित कार्यकारीले नेपालको हित गर्दैन । त्यसैले संसदीय प्रणालीभित्र स्थिर सरकारको पक्षमा लाग्नुपर्छ ।

तत्काल प्रत्यक्ष निर्वाचित कार्यकारी ल्याउन सकिँदैन । प्रत्यक्ष निर्वाचित कार्यकारी माग गर्नेहरूको धारणा दुई प्रकारको छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति माओवादीलगायतका दलहरूको माग रहेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीहरूले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भनिरहेका छन् । त्यसैले यो विषयमा नयाँ प्रतिनिधिसभा गठन भएपछि मात्र बहसमा ल्याउनु उचित हुन्छ । अहिलेको संवेदनशील घडीमा स्थिर सरकार, छरितो संसद् बनाउने प्रतिबद्धतासहित संविधान संशोधन गरेर अगाडि बढ्नु उचित हुन्छ । निर्वाचनपछि बन्ने संसद्ले संविधानविद्, कानुनविद् र राजनीतिक विश्लेषकसँग परामर्श गरी हाम्रो जस्तो भूराजनीति भएको मुलुकमा प्रत्यक्ष निर्वाचित कार्यकारी उपयुक्त हुने कि नहुने, उपयुक्त हुन्छ भने कुन प्रकारको हुनुपर्छ भन्ने विषयमा गम्भीर बहस गर्न सक्छ । आवश्यक भएमा संविधान संशोधन वा जनमतसंग्रह गर्न सकिन्छ ।

अहिलेको प्रमुख जिम्मेवारी असन्तुष्टिको सम्बोधन हो । त्यसैले शान्तिपूर्ण र निष्पक्ष निर्वाचन सम्पन्न गर्नु घोषित कार्यभार हो । तर समस्यालाई तत्काल थिचेर अगाडि बढ्दा भविष्यमा ठूलो असन्तुष्टि विस्फोटन हुने सम्भावना रहन्छ । त्यसैले परिस्थितिको गम्भीरतालाई बुझ्दै दलका नेताहरूले संविधान संशोधनबाट असन्तुष्टिको सम्बोधन गरेर निर्वाचनमा जानु उचित हुन्छ । यसो गर्दा अहिलेको प्रमुख असन्तुष्टि सम्बोधन गरेर जान सकिने अवसर छ । २०७९ को निर्वाचनबाट बनेको संसद् प्रभावहीन र तीन दलीय सिन्डिकेट जस्तो देखिएकाले यस्तो अवस्था चिर्न युवा पुस्ता आन्दोलित बनेको स्पष्ट छ । आन्दोलनलाई मतदान, उम्मेदवारी र नागरिक चेतना विकासमा रूपान्तरण गर्नुपर्छ । युवा पुस्तालाई निर्वाचन प्रक्रियामा सहभागी गराउनका लागि मतदाता नामावली अध्यावधिक गर्ने र उम्मेदवार बनाउन हरेक दलले युवा पुस्तालाई अगाडि सार्नुपर्छ । राजनीतिबाट युवा पलायनले दलभित्रको र राज्यको लोकतन्त्र कमजोर हुनगएको हो ।

निर्वाचनपछि बन्ने संसद्को यसपटक विशेष जिम्मेवारी हुनेछ । नयाँ संसद्ले जनताको म्यान्डेटअनुसार राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण र संविधान संशोधनको बाटो खोल्नुपर्छ । संकटको बेला पनि संविधानको पालना नै लोकतन्त्रको आधार हो । फेरि पनि सुशासन, पारदर्शिता र जवाफदेहितामा ध्यान दिनुपर्छ । राज्यको प्रणाली स्थापित गर्न र आम जनताको आवाज राज्य संयन्त्रले सुन्ने व्यवस्था बनाउन अझै प्रयास जरुरी छ । अन्त्यमा, फागुन २१, २०८२ मा निर्वाचनको मिति घोषणा हुनु नेपालको संवैधानिक र राजनीतिक गतिरोधको प्रमुख निकास हो । अहिलेको प्राथमिकता भनेकै सफल निर्वाचन र नयाँ प्रतिनिधिसभाको गठन हो । प्रत्यक्ष निर्वाचित कार्यकारीको माग महत्त्वपूर्ण भए पनि तत्काल समाधान हुन सक्ने आधार छैन । भविष्यको संसद्मार्फत त्यसको निकास खोज्न उचित हुन्छ ।




॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# शेख हसिनाको चेतावनी- अवामी लिगबिना निर्वाचनले बङ्गलादेशमा विभाजनको बीज रोप्नेछ

***एजेन्सी-*** बंगलादेशकी फरार पूर्व प्रधानमन्त्री शेख हसिनाले आफ्नो पार्टी अवामी लिगबिना हुने आगामी निर्वाचनले देशमा नयाँ विभाजनको 'बीज रोप्ने' चेतावनी दिएकी छन् ।

उनले एएफपीलाई पठाएको लिखित प्रतिक्रियामा, आफ्नो पतनपछि पहिलो पटक सार्वजनिक रूपमा बोल्दै मानवता विरुद्धको अपराधको मुद्दालाई 'न्यायशास्त्रको मजाक' र 'पूर्वनिर्धारित फैसला' भन्दै कडा आलोचना गरिन् ।

सन् २०२४ अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहपछि उनको १५ वर्ष लामो शासन अन्त्य भएको थियो । भीडले सरकारी निवासमा आक्रमण गरेपछि उनी हेलिकप्टरमार्फत देशबाट भागेका थिइन्। संयुक्त राष्ट्रसङ्घका अनुसार आन्दोलनमा दमनका क्रममा करिब एक हजार ४०० जनाको मृत्यु भएको थियो । यो अहिले उनीमाथि चलिरहेको मुद्दाको केन्द्र विषय बनेको छ ।



७८ वर्षीया हसिनाले अहिले भारतमा शरण लिइरहेकी छन्। उनले आफूविरुद्धको आरोपलाई राजनीतिक प्रतिशोधको परिणाम बताउँदै भनिन्,'ममाथि लगाइएका सबै आरोपहरू पूर्ण रूपमा अस्वीकार्य र प्रमाणरहित छन् । यो अनिर्वाचित प्रशासनले तयार पारेको राजनीतिक षड्यन्त्र हो ।'

उनले भनिन्, 'अवामी लिगको सहभागिताबिना हुने निर्वाचन विश्वसनीय हुन सक्दैन । यस्ता कदमले देशमा भविष्यको विभाजन र अस्थिरताको बीज रोप्नेछ ।'

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बनेको अन्तरिम सरकारले मे महिनामा अवामी लिगमाथि आतंकवाद विरोधी ऐन अन्तर्गत प्रतिबन्ध लगाएको थियो । यसलाई ह्युमन राइट्स वाचले 'कठोर र अलोकतान्त्रिक' भन्दै निन्दा गरेको थियो ।

हसिनाले स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सबै दलहरूको प्रत्यक्ष सहभागिता आवश्यक रहेको बताउँदै भनिन्, 'निर्वाचन भनेको विचारहरूको प्रतिस्पर्धा हो । तपाईंले कुनै पार्टीलाई मन नपरेर बहिष्कार गर्न सक्नुहुन्न ।'

उनले विद्रोहका दिनहरू सम्झँदै भनेकी छन्, 'ती डरलाग्दा क्षणहरूमा ज्यान गुमाएका सबैका लागि म गहिरो शोक व्यक्त गर्छु ।' उनले आफ्नो शासनकालमा भएका गल्तीहरू स्वीकार गर्दै पनि भनिन्, 'केही त्रुटिहरू आदेशको शृङ्खलामा भएका थिए, तर निर्णयहरू सद्भावका साथ, हिंसा घटाउने उद्देश्यले गरिएका थिए ।'

अभियोजन पक्षले अदालतमा प्रहरीद्वारा प्रमाणित अडियो टेप प्रस्तुत गरेको छ, जसमा हसिनाले सुरक्षाकर्मीहरूलाई प्रदर्शनकारीहरू विरुद्ध 'घातक हतियार प्रयोग गर्न' आदेश दिएको उल्लेख छ । तर उनले ती रेकर्डिङलाई 'सन्दर्भबाट बाहिर निकालिएको' बताइन्।

उनले हालै आफ्ना समर्थकमाथि भइरहेको दमनलाई पनि औँल्याउँदै भनिन्, 'अपरेसन डेभिल हन्ट नामक कारबाहीमा हजारौँ अवामी लिग कार्यकर्ता पक्राउ परेका छन्, यो पूर्ण रूपमा राजनीतिक सफाया हो ।'

यसैबीच, उनले आफ्नै शासनकालमा बेपत्ता भएका नागरिकहरूको विषयमा कुनै प्रतिक्रिया जनाएकी छैनन्। अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)मा अवामी लिगका वकिलहरूले हालै 'प्रतिशोधात्मक हिंसा' का घटनाहरूको अनुसन्धानको माग गरेका छन् ।

नोभेम्बर १३ मा फैसला हुने यो मुद्दामा दोषी ठहरिए मृत्युदण्ड हुन सक्ने बताइएको छ । त्यसबारे हसिनाले भनिन्, 'दुःखको कुरा, फैसला पहिले नै तय भइसकेको छ, त्यसैले जब त्यो आउँछ, म आश्चर्यचकित हुनेछैन ।'

भविष्यमा राजनीतिमा फर्कनेबारे प्रश्न गर्दा उनले जवाफ दिइन्, 'मेरो प्राथमिकता बङ्गलादेशको स्थिरता र जनताको कल्याण हो, व्यक्तिगत सत्ता होइन ।'

जनहितमा जारी सन्देश

- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौं ।
- नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- लैंगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।

पोखरिया नगरपालिका
पोखरिया, पर्सा

जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

जनहितमा जारी सन्देश

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
घ्याङडाँडा, पर्सा

आगलागी हुनबाट सावधानी अपनाऔं

- हिउँद तथा सुख्खा याममा आगलागीका घटनाहरु धेरै हुने हुँदा आगोको प्रयोगमा होसियारी अपनाऔं ।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔँ र गोठमा घुर बाल्दा सावधानी अपनाऔँ ।
- सलाई, लाइटर तथा डिजल, पेट्रोल जस्ता प्रज्वलनशील सामाग्री केटाकेटीले भेट्ने गरी नराखौँ ।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौँ ।
- बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निक्यौल गरौं ।
- जथाभावी चुरोट, विडिका ठूटा ननिभाई नभ्याकौँ ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौँ ।
- आफ्नो घर टोलमा आगलागीको घटना भएमा तत्काल बारुण यन्त्रलाई खबर गरौं ।

परोहा नगरपालिका
रौतहट




विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रुपमा आउने हुँदा :

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

गुजरा नगरपालिका
सिमराभवानीपुर, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# जेनजीको नाममा गरिएको अपराधिक कृयाकलापको अनुसन्धान अघि बढाइने :जाँचबुझ अध्यक्ष कार्की

*कलैया, १२ कार्तिक*

देशमा भदौ २३ र २४ गते जेनजीको नाममा गरिएको अपराधिक कृयाकलापको अनुसन्धान अघि बढाउने भएको छ ।




जिल्ला प्रशासन कार्यालय बारा कलैयामा बुधबार सरोकारवालासँगको छलफलमा जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आपराधिक घटनाबारे अनुसन्धान र कारबाही गर्न आफूले गृह मन्त्रालय र सरकार समक्ष पहल गर्ने बताएका छन् ।

अध्यक्ष कार्कीले जेनजी आन्दोलनको प्रदर्शनका क्रममा अनैतिक कृयाकलाप गर्नेहरु माथी अपराधिक कसुरबारे फौजदारी कानुन अन्तर्गत अनुसन्धान गर्न आयोगको आदेश कुर्नु नपर्ने बताउनु भयो । समाजिक संजालमा पोष्ट गरिएको फोटो र भिडियो माथी अनुसन्धान गरेर प्रमाण सहित सरकारी वकिलको कार्यालयमा पेस गरी मुद्दा अघि बढाउन जिल्ला प्रहरी कार्यालयलाई सुझाव दिनु भयो ।

वहाँको अनुसार प्रहरीको प्रतिवेदन पाएपछि सरकारी वकिलको कार्यालयले अदालतमा मुद्दा दर्ता गर्न सक्ने व्यबस्था रहेको छ । पोलुवा आधारमा होइन कि आपराधिक कसुरमा प्रत्यक्ष संलग्न भएकोलाई फौजदारी कानुन अनुसार कारबाही गर्न कसैको आदेश पर्खेर नबस्नलाई बाराका प्रहरी प्रमुखलाई अवगत गराउनु भयो ।

उक्त छलफल तथा सुझाव संकलन कार्यक्रममा जिल्लाका सरकारी कार्यालयका प्रमुख, प्रतिनिधि, भदौ २४ मा भएको आगजनी, तोडफोडबाट पीडित पूर्वसांसदहरू, पालिकाका जनप्रतिनिधिहरूको समेत सहभागीता रहेका थिए ।

# वीरगंज नाका हुँदै दुई खर्ब १८ अर्बको आयात, २६ अर्ब ५८ करोडको निर्यात

*वीरगंज, १२ कार्तिक*

वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा रु दुई खर्ब १८ अर्ब १० करोड मूल्य बराबरका वस्तु तथा सामान आयात भएका छन् । गत आर्थिक वर्षको पछिल्लो तीन महिनाको तुलनामा चालु आवको असोजसम्म रु ३४ अर्ब २३ करोड बढी मूल्यका सामान वीरगंज भन्सारबाट भित्रिएका छन् ।




वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै भित्रिने वस्तु तथा सामानको आयात बढेको जानकारी दिए । 'वीरगंज नाका हुँदै पछिल्लो तीन महिनामा रु दुई खर्ब १८ अर्ब १० करोड मूल्यको सामान भित्रिदा रु ५८ अर्ब २३ करोड राजस्व सङ्कलन भएको छ ।' जबकि गत आवको तीन महिनाको सोही अवधिमा रु एक खर्ब ८३ अर्ब ८७ करोड बराबरको वस्तु तथा सामान आयात भएको थियो ।

चालु आवको तीन महिनामा यो नाका हुँदै आयातमात्रै नभएर निर्याततर्फ पनि उल्लेखनीय वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ ।

वीरगंज नाका हुँदै चालु आवको तीन महिनामा रु २६ अर्ब ५८ करोड मूल्यबराबरका वस्तु तथा सामान निर्यात भएका छन् । जबकि गत आवको तीन महिनाको सोही अवधिमा रु आठ अर्ब ८४ करोड मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो । रकमका आधारमा गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु १७ अर्ब ७५ करोड बढीले निर्यात भएको हो । रासस

# रौतहटमा एमाले र आम जनता पार्टी बिच मौलापुरमा कार्यक्रमलाई लिएर तनाव

*रुपेश यादव*
*रौतहट, १२ कार्तिक*

नेकपा एमाले र आजपाबीच रौतहटमा फेरि पनि राजनीतिक तनाव बढेको छ। नेकपा एमालेले यही कार्तिक १३ गते मौलापुर बजारमा गर्न लागेको शुभकामना आदान-प्रदान तथा भेटघाट कार्यक्रमकै स्थलमा आजपाका अध्यक्ष प्रभु साहले समेत कार्यक्रम गर्न घोषणा गरेपछि भिडन्त हुने सम्भावना बढेको हो । आजपाका कार्यकर्ताहरूले मंगलबार बैठक गरी एमालेको कार्यक्रम असफल पार्ने निर्णय गरेको स्रोतले जनाएको छ । यसपछि दुबै पक्षका नेता तथा कार्यकर्ता एक-अर्कालाई निशाना बनाउन थालेका छन् । एमालेका केन्द्रीय सदस्य तथा रौतहट क्षेत्र नं. ३ का ईन्चार्ज कुन्दन कुशवाहाले मंगलबार पत्रकार सम्मेलन गर्दै परिस्थितिलाई तनावतर्फ धकेल्ने प्रयास भइरहेको आरोप लगाएका छन् । उनले मौलापुरका स्वघोषित "राजा साहेब" को निर्देशनमा जनता भडकाउने, लडाउने र भिडाउने काम भइरहेको बताए ।



कुशवाहाले चेतावनी दिँदै भने, "यदि हाम्रो कार्यक्रम रोकिने वा अवरोध पुऱ्याउने प्रयास भयो भने शिशमहल अगाडि नै कार्यक्रम गरेर देखाउँछौं, जतिसुकै बल लगाए पनि पछि हटिँदैन ।" उनले अझै आरोप लगाउँदै भने, "जेन्जी आन्दोलनका क्रममा रौतहटमा भएका आगजनी र लुटपाट प्रभु साहकै इसारामा उनका जेठो छोरा र आजपाका कार्यकर्ताले गरेका थिए । यदि साहसँग थोरै नैतिकता बाँकी छ भने ती सबै घटनाको जिम्मेवारी लिएर कार्यवाही भोग्न तयार हुनुपर्छ।"

कुशवाहाले प्रभु साहलाई "अपराधी प्रवृत्तिका व्यक्ति" भन्दै फेरि अर्को घटना गराउन खोजिरहेको आरोप समेत लगाए ।

स्थानीय प्रशासनले भने दुबै दलका कार्यक्रमका मिति र स्थानलाई व्यवस्थापन गर्न छलफल भइरहेको जनाएको छ । सम्भावित झडप रोक्नका लागि सुरक्षा निकायहरूलाई सतर्क रहने निर्देशन दिइएको छ ।

# मधेस प्रदेशमा भारी वर्षाको सम्भावना, पूर्व तयारीमा जुट्यो सरकार

*जनकपुर, १२ कार्तिक*

केही दिनयता मौसममा आएको परिवर्तनसँगै भारी वर्षाको चेतावनी पछि मधेस प्रदेश सरकार पूर्वतयारीमा जुटेको छ ।



प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयको आयोजनामा बुधबार प्रदेशस्तरीय विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भएको हो । मुख्यमन्त्री जितेन्द्र सोनलको अध्यक्षतामा बसेको बैठकमा सुरक्षा निकायका प्रमुखहरू पनि सहभागी थिए । बैठकमा भारतको उडिसाबाट सुरु भएको मोन्था चक्रवातको असर बिहीबारदेखि प्रदेशमा पर्ने सम्भावना रहेकाले आवश्यक पूर्व तयारीबारे छलफल गरिएको थियो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबारदेखि शनिबारसम्म मध्यमदेखि भारी वर्षा हुन सक्ने अनुमान गरिएको छ। यस अवस्थामा सर्वसाधारणलाई सचेत रहन आग्रह गर्दै मुख्यमन्त्री सोनलले भने, "प्रदेश सरकार विपद् जोखिम न्यूनीकरणका लागि उच्च सतर्कतामा छ र आवश्यक सबै संयन्त्र परिचालनमा तयार छन् ।" मुख्यमन्त्री सोनलले सप्तकोशी, बागमती, कमला, रातु, लखनदेही लगायतका नदीहरूको जलस्तर खतरा निशान भन्दा माथि जान सक्ने सम्भावना रहेकाले तटीय बस्तीहरूको सुरक्षाका लागि सरकार सतर्क रहेको प्रतिबद्धता जनाए ।

उनले थपे, "प्रदेश सरकारले उपलब्ध सम्पूर्ण जनशक्ति, स्रोत र साधन परिचालन गरी विपद् व्यवस्थापनमा अधिकतम प्रयास गर्नेछ ।"

# बिजुली काटिएपछि २८ सय कर्मचारी बिदामा राखेर शंकर ग्रुपले बन्द गऱ्यो दुई उद्योग

*पर्सा, १२ कार्तिक*

डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत विद्युत् उपभोग गरी प्रिमियम शुल्क भुक्तान नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले बिजुली काटेपछि शंकर समूहको जगदम्बाको दुई उद्योग बन्द भएको छ । जगदम्बा स्टिलले १ अर्ब ६० करोड १८ लाख रुपैयाँ र जगदम्बा सिन्थेटिकले २० करोड ५० लाख रुपैयाँ बक्यौता नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले बिजुली काटेको छ ।




विद्युत् कटौतीपछि कर्मचारीलाई बिदामा राखेर दुवै उद्योग बन्द गरेको शंकर समूहका उपाध्यक्ष सुलभ अग्रवालले बताए । जगदम्बा स्टिलमा २२ सय कर्मचारी कार्यरत छन् भने जगदम्बा सिन्थेटिकमा ६ सय कर्मचारी छन् ।

'अहिले सबै कर्मचारीहरूलाई बिदामा राखेका छौँ । तलब भत्ताको विषयमा केही भनेका छैनौँ,' उनले भने, 'छोटो समयका लागि मात्र बन्द भयो भने तलब भत्ता दिन सकिन्छ । धेरै लामो समयसम्म उद्योग बन्द रह्यो भने । त्यति बेला नै निर्णय गरिन्छ ।'

अग्रवालका अनुसार जगदम्बा स्टिलले मासिक ८० हजार टन स्टिल र सिन्थेटिकले मासिक २ सय टन धागोलगायत उत्पादन गर्दै आएको छ । 'प्राधिकरणले हामीले विद्युत् अतिरिक्त उपभोग गरेको प्रमाण दिन सकेको छैन, दियो भने बक्यौता तिर्छौं,' अग्रवालले भने, 'उपयोग नै नगरेको विद्युत्को महसुल कसरी तिर्नु ? '

डेडिकेटेड फिडर र ट्रंकलाइनबाट बिजुली उपभोग गरेपछि थप प्रिमियम शुल्क भुक्तान नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले देशभरका २५ उद्योगको विद्युत् लाइन काटेको छ । प्राधिकरणले कात्तिक ४ मा ६ उद्योग र कात्तिक ७ मा थप १८ उद्योगको बिजुली काटेपछि यस्तो अवस्था सिर्जना भएको हो ।

यसबाहेक एभरेस्ट पेपर मिलले मासिक बिजुलीको महसुलसमेत नतिरेको र उद्योग नै बन्द रहेकाले यसअघि नै बिजुली कटौती गरिसकेको प्राधिकरणले जनाएको छ ।

# संसद् विघटनमा अन्तरिम आदेश अस्वीकार

*काठमाडौं, १२ कार्तिक*

सर्वोच्च अदालतले संसद् विघटनविरुद्ध परेका रिटमाथि अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको नेतृत्वमा बुधबार बसेको संवैधानिक इजलासले प्रारम्भिक सुनुवाइ गर्दै विपक्षीहरूलाई कारण देखाऊ आदेश जारी गरेको हो ।



राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरी उनको सिफारिसमा प्रतिनिधिसभा विघटन गरेपछि त्यसको बदर माग गर्दै १६ वटा रिट सर्वोच्चमा दर्ता भएका थिए । प्रधानन्यायाधीश राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुयाल र मनोज शर्माको इजलासमा ती रिटको संयुक्त सुनुवाइ भएको थियो । इजलासले विपक्षी राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतलाई ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न आदेश दिएको छ । आदेशमा भनिएको छ, "निवेदकले अन्तरिम आदेश माग गरेको विषय वस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन माग दाबीबमोजिम अन्तरिम आदेश गरिरहनु परेन ।"यससँगै अब विपक्षीहरूले लिखित जवाफ पेश गरेपछि वा तोकिएको अवधि पूरा भएपछि संसद् विघटनसम्बन्धी रिटको विस्तृत सुनुवाइ अघि बढ्नेछ ।

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

## जनहितमा जारी सन्देश

- व्यक्तिगत घटना जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यू आदिको घट्ना दर्ता ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई दर्ता गरौं।
- पालिकालाई तिर्नुपर्ने घर जग्गा, मालपोत दस्तुर समयमै तिरौं। समयमै कर तिरी गाउँको विकास निर्माणमा सहभागी बनौं।
- कर तिर्नु हामी सबैको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं। कर सम्बन्धी विस्तृत जानकारीको लागि राजस्व प्रशासन शाखामा सम्पर्क राख्नु होला।
- सार्वजनिक स्थलमा फोहर नफालौं। गाउँलाई सफा राखौं।
- ज्येष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।
- नक्सा पास गरेर मात्र भूकम्प प्रतिरोधात्मक भवन निर्माण गरौं।

सिम्रौनगढ नगरपालिका
सिम्रौनगढ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा